जगदुल्ला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
माझगाउँ, डोल्पा
कर्णाली प्रदेश

आ.व.: २०८२/०८३ मिति:२०८२/११/३० ने.सं.: ११४६

## निर्णय उतार

आज मिति २०८२/११/३० गते शनिबारका दिन बिहान १०:०० बजे जगदुल्ला गाउँपालिकाको कार्यालयमा गाउँपालिका अध्यक्ष **श्री नारासिं रोकायाज्यूको** अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा प्रमाणित गरिन्छ।

प्रस्ताव नं १ स्थानिय शासन कार्यसम्पादन स्वमुल्यांकन समन्वय समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं २ एकिकृत सेवा प्रबाह ( One step Service Delivery -OSSD) स्थापना गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ३ एकिकृत सेवा प्रबाह ( One step Service Delivery -OSSD) सम्पर्क व्यक्ती तोक्ने सम्बन्धमा ।

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा सुदृढ सक्षम र प्रभावकारी शासन स्थापित गर्न स्थानिय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, बितिय व्यवस्थापन, सेवा प्रवाह र आर्थीक सामाजिक बिकासमा प्राप्त उपलब्धीको मुल्यांकन गरी निरन्तर सुधारका लागि सहयोग र सहजीकरण गर्नको लिग तयार भएको स्थानिय शासन कार्यसम्पादन मुल्यांकन (व्यवस्थापन तथा संचालन ) कार्यबिधि २०८२ को दफा १४ बमोजिम यस गाउँपालिकाको स्वमुल्यांकन समन्वय समित तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

खगेन्द्र ऐडी नि प्रमुख प्रशासकिय अधिकृत (संयोजक)

केशवराज जैसी सामाजिक विकास शाखा प्रमुख ( सदस्य )

रेकम पोखेल आर्थक विकास शाखा प्रमुख ( सदस्य )

बिष्णु बैजी पुर्वाधार विकास शाखा प्रमुख ( सदस्य )

मोती पसाद जैसी बन तथा वातावरण शाखा प्रमुख ( सदस्य )

बिष्णु प्रसाद देबकोटा योजनाशाखा प्रमुख ( सदस्य सचिव)

निर्णय नं २

प्रस्ताव नं १ माथि छलफल गर्दा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान सुर्खेतको मिति २०८२।०९।१७ गतेको सुचना बमोजिम एकिकृत सेवा प्रबाह ( One step Service Delivery -OSSD) स्थापनाको लागि यस जगदुल्ला गाउँपालिकामा आवश्यक IT पुर्वाधार सहितको आफ्नै भवन भएको सबै वडामा नियमित बिधुत सेवा र निरन्तर इन्टरनेट सेवा उपलब्ध भएको हुदा OSSD) स्थापनाको लागि आवश्यक निती तथा कार्यबिधि निर्धारित समयमा पारित गर्ने, आवश्यक जनशक्ती परिचालन र तोकिए बमेजिमको लागत साझेधारीको लागि प्रतिबद्धता गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान सुर्खेतको मिति २०८२।०९।१७ गतेको सुचना बमोजिम एकिकृत सेवा प्रबाह ( One step Service Delivery -OSSD) स्थापनाको लागि यस जगदुल्ला गाउँपालिकामा कार्यरत सुचना प्रबिधि अधिकृत श्री सुवाश बोहोरालाइ सम्पर्क व्यक्ती तोक्ने निर्णय सर्वसहमतीले पारित गरियो ।



नि. प्रमुख प्रशासकिय अधिकृत

उक्त निर्णय गाउँ कार्यपालिकाको निर्णय पुस्तिकामा रहेको सक्कल निर्णयसँग दुरुस्त रहेको व्यहोरा प्रमाणित गरिन्छ।

जगदुल्ला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माझगाउँ, डोल्पा
कर्णाली प्रदेश नेपाल

प्रमाणित गर्ने

नि. प्रमुख प्रशासकीय अधिकृत

खगेन्द्र ऐडी
नि. प्रमुख प्रशासकीय अधिकृत



"कृषि, रोजगार, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार जगदुल्ला गाउँपालिकाको दिगो विकासको आधार"
Email: info@jagdullamun.gov.np/ito.jagdullamun@gmail.com
Website: https://jagdullamun.gov.np | Phone No: 9849305462
7MX44HF9+QP